
# सुनकोशी गाउँपालिका लैंगिक समानता र सामाजिक समावेशीकरण रणनीति २०७९

सभावाट स्वीकृत मिति: २०७९।०३।१० गते

# सुनकोशी गाउँपालिका
# सिन्धुली



*कार्यशालाका सहभागिहरु, छलफल गर्दै ।*

## लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) रणनीति

जेष्ठ २०७९

## विषय क्रम


| | | |
|---|---|---|
| १ | पृष्ठभूमि | |
| १.२ | सुनकोशी गाउँपालिकाको संक्षिप्त परिचय | १ |
| २. | अवस्था विश्लेषण | १ |
| २.१. | SWOT विश्लेषण | २ |
| २.२. | सरोकारवाला पहिचान | २-५ |
| २.३. | लक्षितवर्ग पहिचान | ६ |
| ३. | दीर्घकालिन सोच (Vision) | ७ |
| ४. | ध्येय (Mission) | ७ |
| ५. | लक्ष (Goal) | ७ |
| ६ | उदेश्य (Objectives) | ७ |
| ७. | लैङ्गिक तथा सामाजिक समाबेशीकरण नीति (GESI Policy) | ८ |
| ८. | लैङ्गिक तथा सामाजिक समाबेशीकरण रणनीति (GESI Strategy) | ८-९ |
| ८.१ | मूल प्रवाहिकरण | ९ |
| ८.२ | समाबेशीकरण | ९ |
| ८.३ | स्थानीयकरण | ९ |
| ८.४ | सशक्तिकरण | ९ |
| ८.५ | सचेतीकरण | १० |
| ८.६ | संस्थागत संरचना | १० |
| ८.७ | समन्वय | १० |
| ८.८ | सहकार्य | १० |
| ८.९ | सहजीकरण | १० |
| ८.१० | सामाजिक सुरक्षा | ११ |
| ८.११ | अनुगमन मूल्याङ्कन | ११ |
| ९ | रणनैतिक कृयाकलापहरु | ११ |
| १०. | वित्त व्यवस्थापन | १२-१४ |
| ११. | कानूनी व्यवस्था | १५ |
| १२. | रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व | १५ |
| १३. | रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था | १५ |
| १४ | संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु | १६ |
| १४.१ | संभाव्य जोखीम | १६ |
| १४.२ | जोखीम न्यूनीकरणका उपायहरु | १६ |
| १५ | निश्कर्ष | १६ |
| | | १७ |

## १.पृष्ठभूमि

नेपालको संविधान २०७२ ले लैङ्गिक बिभेदको अन्त्य संगै राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक लगायत मौलिक हकको प्रत्याभूत गरेको छ। संघियताको अभ्यास मुलुकका लागि नयाँ भएको र संघियता कार्यान्वयनको लागि स्थानीय, प्रदेश एबं संघीय सरकारको स्थापना र यी सबै तहका सरकारको संस्थागत विकास, नीति, रणनीति तथा निर्देशिका, विकास कार्यक्रम तथा योजना, श्रोत तथा साधनको उपयोग समानुपातिक तथा समावेशी सिद्धान्तको आधारमा हुनु अत्यावश्यक देखिन्छ। खास गरि स्थानीय तहका जनप्रतिनिधि एबं तहाँ पदास्थापन गरिएका कर्मचारीहरु कानूनतह: तोकिएको जिम्मेवारी तथा भूमिका निर्बाह गर्दा लैससासको अबधारणा र दृष्टिकोणमा प्रष्ट भई सोहि अनुरुपको कार्यसम्पादन र व्यवहार प्रर्दशन गर्नु पर्दछ। साथै स्थानीय सरकारका कानून, नीति कार्यक्रम र सेवाहरु लैङ्गिक उत्तरदायी बनाउन् पनि त्यत्तिकै आवश्यक देखिन्छ।
सामान्यतया संस्थागत विकासको उच्चतम गन्तब्यमा पुग्नका लागि त्यस संस्थाको वर्तमान अवस्था विश्लेषण, लक्ष निर्धारण र नीति तथा रणनीति तय गर्नु आवश्यक हुन्छ। तसर्थ स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहका कानुन, नीति, योजना, कार्यक्रम तथा बजेटको तर्जुमा तथा श्रोत साधन र अवशरहरुको वितरणमा लैङ्गिक समानता र सामाजिक समावेशीताको सुनिश्चितताको लागि यस सुनकोशी गाउँपालिकाको **लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति-०७९,** तयार गरिएकोछ। यो रणनीतिका प्रमुख उपयोगकर्ताहरु यस सुनकोशी गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु तथा गै.स.स.हरु हुनेछन्।

## १.१ सुनकोशी गाउँपालिकाको संक्षिप्त परिचय

सुनकोशी गाउँपालिका बागमती प्रदेश अन्तरगत सिन्धुली जिल्लामा रहेको छ। नेपालको प्रसाशनिका पुनर्शरचना पर्छाडि साविक कुशेश्वर दुम्जा, झागाझोली रातामाटा, पुराना झागाझोली, सितलपाटी र मझुवा गाउँ विकास समितिहरुलाई एकिकृत गरि यस सुनकोशी गाउँपालिकाको स्थापना गरिएको हो। हाल यस गाउँपालिकामा ७ वटा वडाहरु कायम गरिएको छ। यस गाउँपालिकाको सिमाना पूर्वमा गोलञ्जर गाउँपालिका र रामेछाप जिल्ला, पश्चिममा काभ्रेपलाञ्चोक जिल्ला, उत्तरमा रामेछाप जिल्ला र दक्षिणमा घ्याङलेख गाउँपालिका र कमलामाई नगरपालिका रहेको छ। कुल क्षेत्रफल- १५४.६८ वर्ग कि.मी.छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको जम्मा घरधुरी संख्या-४५५७ र जम्मा जनसंख्या-२१४७३ मध्य पुरुष-९९८८ र महिला-११४८५ रहेको छ।

अझै पनि यहाँ छोरा र छोरी बीचको विभेद पुर्ण रुपमा हटन सकेको छैन। जातिय छुवाछुतका घटना विद्यमान छन्। समान कामको समान ज्याला पाउने स्थिति अझै सबै ठाउँमा लागु हुन सकेको छैन। पछाडि परेका समुदायको आर्थिक तथा सामाजिक अवस्था अझै कमजोर रहेको छ। हालसम्म लैससासका सवालहरुलाई प्रतक्ष संबोधन गर्ने गरि कुनै पनि नीति तथा कानूनहरु नबनेको, संस्थागत क्षमता स्व-मूल्यांकनमा मध्यम नतिजा (जम्मा ४६.७५ अंक) प्राप्त गर्दा सामाजिक समाबेशिकरणमा ४.५ अंक मात्र प्राप्त भएकोबाट लैससासको क्षत्रमा गाउँपालिकाको समग्र अवस्थालाई प्रष्ट पारेको छ। उपरोक्त अबस्थालाई सम्बोधन गर्ने गरि लैससास रणनीति तयार गरिनु आवश्यक छ।



हिरा बोहोरा दाहाल
अध्यक्ष

## २.अवस्था विश्लेषण

लैङ्गिक समानता तथा समाजिक समाबेशीकरण रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो। हालको अवस्था विश्लेषणका लागि मुख्यतया परिस्थिति बिष्लेशण (SWOT), सरोकारवाला पहिचान र लक्षितबर्ग पहिचान गरि ३ वटा क्षेत्र निर्धारण गरिएकोछ। यसको साथै संस्थागत क्षमता स्व-मूल्यांकन अन्तरगत समाजिक समाबेशीकरणमा प्राप्त अंकको समेत सहयोग लिएको छ।

### २.१. SWOT विश्लेषण

यस सुनकोशी गाउँपालिकाको लैससासको दृष्टिकोणवाट सवल पक्ष, कमजोर पक्ष, अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ। यसरी विश्लेषण गर्दा नीति तथा कानूनमा समाबेशीता, संस्थागत व्यवस्थामा समाबेशीता, मानव संसाधन तथा क्षमता विकासमा समाबेशीता, सेवा प्रवाहमा समाबेशीता र सुशासन तथा उत्तरदायीत्वमा समाबेशीतामा आधारित रहेर विश्लेषण गरिएको छ। जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

**क.सवल पक्ष** (Strength)

१. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु समावेश भएको ।
२. बार्षिक नीति तथा योजना महिला बालबालिका, पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि बनेको।
३. विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससासलाई सम्बोधन गरेको।
४. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको।
५. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चित्ता भएको।
६. उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरिएको।
७. नीति कानून कार्यविधि निर्माण गर्न गाउँपालिकामा सक्षम जनशक्ति उपलब्ध रहेको।
८. स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको।
९. महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा स्थापना र संचालन भएको।
१०. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको।
११. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको।
१२. महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको (कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौनजन्य हिंसा आदी)।
१३. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको।
१४. निशुल्क प्रसूति सेवा, नवजात शिशु तथा सुत्केरीका लागि विशेष कार्यक्रम संचालन गरेको। गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रयोजनका लागि निशुल्क एम्बुलेन्स सेवा संचालन भएको।
१५. भौतिक पुर्वाधारका सवै डिजाइन हरुमा लैससास मैत्री प्रावधानहरु समेट्ने गरिएको।
१६. सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरेको।
१७. संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा गाउँपालिकाले सहकार्य समन्वय गरेको।



दिपा बोहोरा दाहाल
अध्यक्ष

१८. लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनका वारेमा छलफल हुने गरेको ।

१९. नियमित रुपमा कार्यक्रमको सार्वजानिक परीक्षण, सामाजिक परीक्षण, सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजानिक गरेको ।

२०. बार्षिक नीति तथा कार्यक्रम छापामा प्रकाशन तथा वेबसाइट मार्फत नियमित रुपमा सार्वजानिक गरेको ।

२१. योजना कार्यान्वयनमा उत्कृट कर्मचारी र शाखालाई पुरस्कृत गर्ने ब्यबस्था भएको ।

**ख.कमजोर पक्ष** (Weaknesses)

१. गाउँपालिकाले लैंगिक तथा सामाजिक समावेशिकरण रणनीति निर्माण नगरेको ।

२. लैससासका लक्षित बर्गहरुको छुट्टै खण्डिकृत तथ्यांक (बस्तुगत विवरण) नभएको ।

३. गाउँपालिकाले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्नलाई लैससासको पक्षवाट हेर्ने नगरेको ।

४. लैङ्गिक उत्तरदायी तथा समाजिक समावेशी वजेट निर्माण एवम परिक्षणलाई वजेट व्यवस्थापन नगरेको ।

५. दिगो विकास लक्ष्यका लक्ष्य नं १, ५, १० र १६ लाइ तोकेर बजेट विनियोजन नगरिएको ।

६. कुनै नीति नियम कार्यविधि दिग्दर्शन जारी गर्नुभन्दा अगाडी लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण नगरिएको ।

७. निश्चित प्रतिशत वजेट लक्षित वर्गको लागि विनियोजन नगरिएको ।

८. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन नगरेको ।

९. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको ।

१०. महिला पुरुष बीचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।

११. कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचार संहिता वनाएर लागु नगरिएको ।

१२. मानव संसाधन विकास शाखाको स्थापना नभएको ।

१३. पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी जानकार भएपनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको ।

१४. गाउँपालिकाका सवै पदाधिकारी हरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका वारेमा अभिमुखीकरण नभएको ।

१५. महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट बिनियोजन नगरिएको ।

१६. सार्बजनिक स्थल तथा कार्यालयहरुमा स्तनपान कक्षको ब्यबस्था नभएको ।

१७. यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजना तथा छुट्टै शौचालयको व्यवस्था नभएको ।



दिपा बोहरा दाहाल
अध्यक्ष

Deepa Bohara दिपा बहिरा दाहाल अध्यक्ष

१८. लैससास सम्बन्धी सरोकारवाला निकाय बीच समन्वय तथा सहकार्यकालागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण नभएको ।
१९. योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको ।
२०. जनप्रतिनिधिहरुको विस्तृत वैयत्तिक विवरण वेबसाइटमा नराखिएको ।
२१. स्थानीय संचार माध्यम र सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमूलक विषय वस्तु प्रकाशन र प्रशारण नभएको ।
२२. योजना तर्जुमा दिग्दर्शन तयार भएता पनि त्यसमा लैससासका प्रावधानहरुलाई स्पस्ट रुपमा समावेश नगरिएको ।
२३. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध नमिलाएको ।
२४. लक्षित वर्गको सरकारी जागीर प्रवेशकालागि शिक्षक सेवा पुर्व तयारी कक्षा संचालन नभएको ।
२५. गाउँपालिका भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह) हटाउनको लागि कार्यक्रमहरु संचालन नगरेको ।
२६. निरक्षर महिलाहरुका लागि विशेष कार्यक्रम संचालन नगरेको ।
२७. लक्षित वर्गको स्वरोजगार तथा बैदेशिक रोजगारमा जाने महिला तथा लक्षित समूहको क्षमता विकासका लागि कार्यक्रमहरु संचालन नगरेको ।
२८. लक्षित तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमाको ब्यबस्था नभएको ।
२९. सुस्त श्रवण भएका तथा नेपाली भाषा नवुझ्नेहरुकालागि विशेष व्यवस्था नगरिएको ।
३०. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिता निर्माणको क्रममा रहेकोले कार्यान्वयनमा नआएको ।
३१. महिला तथा लक्षित वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन नगरिएको ।
३२. लैङ्गिक हिंसा निवारण, महिला सीप विकासको लागि कोष स्थापना गरि कार्यान्वयन नगरेको ।
३३. कर्मचारीहरुलाई पछिल्लो समय निर्माण भएका कानून कार्यविधि हरुका बारेमा नियमित अभिमुखीकरण नभएको ।

## ग. अवशर (Opportunity)

१. वि.पि. राजमार्गले गाउँपालिकाका सबै वडाहरुलाई छोएकोले बिभिन्न आर्थिक कृयाकलापबाट लाभ लिन सक्ने अवस्था हुनु ।
२. राष्ट्रिय गौरबका आयोजनाहरु मरिन डाईभर्शन, सुनकोशी जलासययूक्त परियोजना तेश्रो बाट लाभ लिन सक्ने सम्भावना हुनु ।
३. विभिन्न जातजाती, समुदाय बीच सामाजिक र सास्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त वातावरण रहेको ।
४. आवश्यक पर्ने कानून नीति नीयम बनाउन सक्ने दक्ष जनशक्ति गाउँपालिकामा उपलब्ध हुनु ।
५. गाउँपालिकामा विभिन्न गैह्रसरकारी संघसंस्थाहरु कार्यरत रहनु ।

६. गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा युवाको बाहुल्यता रहेकोले युवा जोस र जाँगरलाई गाउँपालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने अवशर रहेको ।
७. महिला तथा लक्षित वर्गका बिभिन्न समूहरु क्रियशिल हुनु । (जसमा नियमित रुपमा नेतृत्व विकास तथा समूह संचालनका बारेमा गतिविधिहुने हुनाले महिला तथा लक्षित वर्गका कार्यक्रमहरु महिला तथा लक्षित वर्गबाटै संचालन गर्न सकिने अवशर रहेको ।
८. विद्यमान सरकारी विद्यालयहरुमा शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरी विद्यार्थीहरुको आकर्षण बढाउन सकिने संभावना रहेको ।
९. सुपथ मूल्यका सहकारी पसलहरु स्थापना र संचालनमा ल्याई महिला तथा लक्षित वर्गलाई प्रत्यक्ष राहात दिन सकिने संभावना रहेको ।
१०. किसान सम्मान अभिनन्दन पुरस्कार आदी कार्यक्रम नियमित रुपमा (किसान र कृषि प्रवर्द्धन) गर्न सकिने संभावना रहेको ।
११. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु ।
१२. गाउँपालिकाका प्रमुख महिला हुनु र पहिलो कार्यकालको अनुभव हुनु । अन्य पदाधिकारीहरु पनि युवा र शिक्षित हुनु ।
१३. लैससास मैत्रि संघीय र प्रदेश कानूनहरु उपलब्ध हुनु ।
१४. प्राकृतिक श्रोतसाधनको सदुपयोग गरि लैससासको प्रवर्धन गर्न सकिने संभावना रहको ।
१५. पर्यटन प्रवर्धन मार्फत लैससासका लक्षित वर्गहरुले लाभ लिन सक्ने संम्भावना रहेको ।
१६. कृषिमा युवाहरुको आकर्षण बढ्दो क्रममा रहनु ।

## घ. चुनौतीहरु (Threat)

१. मागमा आधारित बास्तविक योजनाहरुको छनौट, प्राथमिकिकरण र कार्यान्वनयमा कठिन हुनु ।
२. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीबी मापनका सुचकहरु निर्माण र कार्यान्वयन गर्न कठिन हुनु ।
३. छुवाछूत, लैङ्गिक बिभेद, पुत्रमोह जस्ता परम्परागत कुमान्यता विरुद्धका नीति नियम कार्यविधिहरको कार्यान्वयनमा जटिलता ।
४. विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको कामको मूल्याङ्कन गर्ने पद्धति नहुनु र महिलाको श्रम र योगदानको कदर नहुनु ।
५. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नियम, कानून र कार्यविधिहरुको कार्यान्वयन गर्न कठिन हुनु ।
६. समाजमा जरा गाडेर बसेको सामाजिक कुरीतिहरु (जातीगत छूवाछूत, बोक्सी, घरेलु हिंसा, बालबिवाह, बालश्रम) को अन्त्यका लागि आबश्यक कार्यहरु सन्चालन गर्न कठिन हुनु ।
७. सुचना तथा संचारका आधुनिक प्रविधिहरु (मोवाइल, टेलिभिजन, इन्टरनेट) को दुरुपयोगले सामाजिक बिकृति (बाल बिबाह, बहुबिबाह, संबन्ध बिच्छेद, अवैध गर्बधारण) बढ्दै जाने संभावना देखिनु ।
८. संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन ।



दिपा बोहरा दाहाल
अध्यक्ष

९. कृषि प्रति युवालाई अपेक्षित तहमा आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न कठिन हुनु ।

१०. सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न नसक्नु ।

११. दुर्व्यसनीमा युवाहरुको संलग्नता बढ्दै जानु ।

१२. उद्योगधन्दा, कलकारखानाहरुको कमीका कारण रोजगारीका अवसरहरु सिमित हुनु ।

## २.२.सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा संपर्क हुने, दोश्रो माध्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी देहायअनुसार ३ भागमा विभक्त गरिएकोछ ।

| सिधा सम्पर्क हुने (पहिलो न.का सरोकारवालाहरु) | दोश्रो माध्यमवाट संपर्क हुने (दोश्रो न. का सरोकारवालाहरु) | अप्रत्यक्ष संपर्क हुने (तेश्रो नं. का सरोकारवालाहरु) |
|---|---|---|
| ~महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा | ~विकास साझेदारहरु | ~मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| ~योजना शाखा | ~सहकारी संस्थाहरु | ~प्रदेश मन्त्रालयहरु सवै |
| ~शिक्षा शाखा | ~बैक तथा वित्तीय संस्थाहरु | ~प्रदेश योजना आयोग |
| ~स्वास्थ्य शाखा | ~उद्योगहरु | ~प्रदेश सुशासन केन्द्र |
| ~सहकारी शाखा | ~वालक्लवहरु | ~भूमी व्यवस्था आयोग |
| ~खानेपानी तथा सरसफाइ शाखा | ~आमा समूहहरु | ~संघीय मन्त्रालयहरु |
| ~युवा तथा खेलकुद शाखा | ~जेष्ठ नगारिक मिलन केन्द्रहरु | ~महिला आयोग |
| ~प्रशासन शाखा | ~विद्यालयहरु | ~दलित आयोग |
| ~सवै वडा कार्यालयहरु | ~गैह्रसरकारी संस्थाहरु | ~मुस्लीम आयोग |
| ~गाउँकार्यपालिका | ~स्वयम सेवक समूहहरु | ~राष्ट्रिय योजना आयोग |
| ~गाउँसभा | ~उद्योग वाणिज्य संघ | ~मानव अधिकार आयोग |
| ~न्यायिक समिति | ~राजनैतिक दलहरु | ~अन्तराष्ट्रिय दातृ निकायहरु |
| ~कृषि तथा पशु सेवा केन्द्र | ~संचार माध्यमहरु | ~राष्ट्रिय स्तरका संचार माध्यमहरु |
| ~विषयगत समितिहरु सवै | | |

दिपा बोहोरा दाहाल
अध्यक्ष

## २.३. लक्षितवर्ग पहिचान

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो । त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ ।

| | | |
|---|---|---|
| १. महिला | २. एकल महिला | ३. बालबालिका |
| ४.जेष्ठनागरिक | ५. आदिवासी जनजाती | ६. अल्पसंख्यक/लोपोन्मुख |
| ७. किसान | ८. मजदुर | ९.अपाङ्गता भएका व्यक्ति |
| १०.द्वन्द्वपिडित | ११. बिपन्न वर्ग | १२.सुकुम्वासी |
| १३. पिछडिएको क्षेत्र र समुदाय | १४. लैङ्गिक तथा यौनिक अल्पसंख्यक | १५. दलित |

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट लै.स.सा.स.को क्षेत्रमा यस सुनकोशी गाउँपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु प्रष्ट भएका छन् । सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ। समग्रमा कमजोर पक्षहरु बढि देखिएबाट लैससासमा गाउँपालिकाको अवस्था पछाडि रहेको देखिएता पनि पहिचान भएका सवल पक्षहरुको श्रोत र शक्तीको रुपमा परिचालन गर्दै, उपलब्ध अवशरहरुको बिस्तार र सदुपयोगको माध्यमबाट कमजोरीलाई सवल र चुनौतिलाई अवशरमा परिणत गरि लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणलाई संस्थागत र सुदृढ पार्दै लक्ष प्राप्तिकोलागि सोहि अनुरुपको रणनीति तयार गरिएको छ ।

## ३. दीर्घकालिन सोच (Vision)

**"बिभेदमुक्त, लैङ्गिक तथा सामजिक समाबेशीयुक्त, न्यायपुर्ण"** सुनकोशी गाउँपालिका

## ४. ध्येय (Mission)

गाउँपालिकामा विद्यमान जात वर्ग क्षेत्र लिंग, उमेर धर्म लगायतका बिभिन्न आधारमा हुने गरेका बिभेदको अन्त्य गरि समतामुलक समाजको निर्माण गर्ने ।

## ५. लक्ष (Goal)

महिला, बालबालिका तथा अन्य लक्षित वर्गलाई न्यायोचित तथा समतामुलक विकासको माद्यमवाट मुल प्रवाहमा ल्याई, गरीवि न्यूनीकरण गर्ने ।

## ६.उदेश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समाबेशीकरणको मान्यता अनुरुप गाउँपालिकाले गर्ने सम्पूर्ण विकास तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका मुख्य उदेश्यहरु निम्नानुसार रहेका छन् ।

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण गरि महिला सहभागितामा अभिवृद्धि तथा श्रोत साधन र अवशरमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।
२. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता तथा सन्धि संभौताहरु कार्यान्वयनको लागि गाउँपालिकाको नीति तथा कानूनमा नै महिला तथा लक्षित वर्गको समाबेशीता र आवाज सशक्तीकरण गर्ने ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

३. मानव संसाधन तथा क्षमता विकासमा लैससासका लक्षित वर्गको सहभागिता सुनिश्चित गरी संस्थागत कार्यप्रणालीमा समावेशीता र आर्थिक सशक्तिकरण गरि स्वरोजगार र आत्मनिर्भर वनाउने ।
४. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशीतामा आधारित समाज स्थापना गर्ने ।
५. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाईसंग सम्वन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७.लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)

माथि उल्लिखित उदेश्यहरु परिपूर्तीको लागि निम्नानुसारका नीतिहरु अवलम्वन गरिनेछ ।

१. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिवी निवारण, स्थानीय विकास तथा शान्ती एवम सुशासन संग सम्वन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।
२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।
३. महिला तथा वालबालिकासंग सम्वन्धीत सवै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकासका लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै जाने ।
४. गाउँपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।
५. लैससास वारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।
६. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।
७. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।
८. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।
९. बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।
१०. मानव संसाधन विकास शाखा स्थापाना गरि लैससासका लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।



दिपा बोहोरा दाहाल
अध्यक्ष

११. निर्माण भएका संघीय, प्रदेश र स्थानीय कानून तथा कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई नियमित रुपमा अद्यावधिक गर्दै लैजाने ।

१२. सामाजमा रहेका विद्यमान कुरीतिहरु विरुद्धका सचेतना कार्यक्रमलाई हरेक सामाजिक विकासका कृयाकलापहरुमा समावेश गरी छलफल गर्ने ।

१३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससाससंग सम्बन्धी सूचकहरु निर्माण गरि नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८. लैससास रणनीति (GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछ ।

### ८.१ मूल प्रवाहिकरण

क. महिला, गरिव र पछाडि (बहिष्करणमा) परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवशर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्वोधन गरि विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

ख. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रवाहीकरण गर्ने । साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माद्यमवाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

### ८.२ समाबेशीकरण

क. विकासका अवशरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

### ८.३ स्थानीयकरण

क. अन्तराष्ट्रिय सन्धि संम्झौता प्रतिवद्धता तथा दिगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासील गर्ने ।

### ८.४ सशक्तिकरण

क. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ग. स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवशर प्रदान गर्ने ।

८.५ सचेतीकरण

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन, कानून, नीति, कार्यविधि र दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सबै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याउने ।

ख. समाजमा विद्यमान कुरीति, अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

८.६ संस्थागत संरचना

क. संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै गाउँपालिकाले निर्माण गर्ने हरेक ऐन, कानून र कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समाबेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

८.७ समन्वय

क. विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन, उपभोक्ता समूह गठन तथा परिचालन, अनुगमन तथा मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

८.८ सहकार्य

क. लैङ्गिक समानता तथा समाजिक समाबेशीकरणका लागि गाउँपालिकाभित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक, वित्तीय संस्था, सहकारी, उद्योग वाणिज्य संघ, घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) विच सहकार्य गर्ने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुसंग लैससास मैत्री साझा प्रतिफल हाशिल गर्न सहकार्य गर्ने ।

८.९ सहजीकरण

क. पछाडि (वहिस्करणमा) परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्मका हरेक चरणमा वस्ती तथा समुदाय स्तरमा नै सहजीकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी तथा गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजीकरण गर्ने ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

## ८.१० सामाजिक सुरक्षा

क.गाउँपालिका क्षत्रभित्र रहेका नागरिकहरु जो आफ्नो सुरक्षा र संरक्षण आफै गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरुको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख.सामजिक सुरक्षा अन्तरगत अल्प संख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, लगायत पर्दछन र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जन मा सहयोग गर्दै लैजाने ।

## ८.११ अनुगमन तथा मूल्याङ्कन

क.प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण बाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री बनाउदै लैजाने ।

दिपा बोहोरा दाहाल
अध्यक्ष

## ९.रणनैतिक कृयाकलापहरु

| क्र सं | उद्देश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुस्टयाईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १. | लैङ्गिक उत्तरदायी बजेट निर्माण गरि महिला सहभागितामा अभिवृद्धि तथा श्रोत साधन र अवशरमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | बार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाई बार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गरि अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराउदैं लैजाने । | १. योजना तर्जुमा र प्राथमिकिकरणमा नै लक्षित बर्गकासहभागिता अनिवार्य गरि लैससास मैत्री योजना तर्जुमा र निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने ।<br>२. लैङ्गिक उत्तरदायी योजना तर्जूमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।<br>३. लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवालाहरुलाई अभिमुखीकरण र क्षमता अभिवृद्धि गर्ने ।<br>४. लक्षित वर्गको खण्डिकृत तथ्यांक संकलन तथा हरेक वर्ष अद्यावधिक गर्दै लैजाने ।<br>५. संघ संस्थामा प्रतिनिधित्व, शाखाप्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखेर गर्ने ।<br>६. महिला तथा लक्षित वर्गको स्थिति परिवर्तन गर्ने खालका ( शिक्षा रोजगारी संग सम्बन्धीत) रणनैतिक कार्यक्रम बजेटमा समावेश गर्ने ।<br>७. राजनैतिक नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्ग लाई निश्चित प्रतिशत सहभागिता प्रदान गर्ने ।<br>८. महिला तथा लक्षित वर्गको कार्यबोझ कम गर्ने सरल तथा समय वचत हुने खालका (व्यवहारिक आवश्यकता पुरा हुने) कार्यक्रममा बजेट विनियोजन गर्ने । | १. वार्षिक वजेटमा कम्तीमा ३५% पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ ।<br>२. योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पूर्ण सहभागिता भएको हुनेछ ।<br>३. कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरु लाई अभिमुखीकरण भएको हुनेछ ।<br>४. लक्षित वर्गको जीविकोपार्जन हुने गरी निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ।<br>५. उपभोक्ता, समिति, कार्यदल हरुमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ ।<br>६. कम्तिमा बर्षका १ पटक लक्षित वर्गको लागि लोकसेवा र शिक्षा सेवा आयोगको परिक्षा तयारी सम्बन्धी कक्षा हरु संचालन भएका हुनेछन् । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>३. कार्यपालिकाका बैठकका निर्णयहरु<br>४. सभा र बैठकका निर्णयहरु<br>५. कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>६. गठित उपभोक्ता समितिको विवरण र कार्यवधि । |
| २. | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता तथा सन्धि संझौताहरु कार्यान्वयनको लागि | लैससास सम्बन्धीका सवै अन्तराष्ट्रिय सन्धि संझौता, प्रतिवद्धता, तथा दीगो विकासका लक्षलाई स्थानीयकरण गरी, गाउँपालिकाका कानून, नीति, | अन्तराष्ट्रिय सन्धि संझौता, प्रतिवद्धता तथा दीगो विकासका लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई सुसचित गराई संघीय तथा प्रादेशिक कानून अनुरुप संस्थागत | १. १. १७ वटा दीगो विकासका लक्षहरुको स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई अभिमुखीकरण कार्यक्रम संचालान गर्ने ।<br>२. बेइजिङ सम्मेलनका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि योजना तर्जुमा गर्ने ।<br>३. संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार | १.दीगो विकास लक्ष, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी सम्बन्धी अभिमुखीकरण भएको हुनेछ । | १.अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२.वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३.कार्यान्वयन लागि वनेका कार्यविधिहरु |



दिपा बोहोरा दाहाल
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गाउँपालिकाको नीति तथा कानूनमा नै महिला तथा लक्षित वर्गको समाबेशीता र आवाज सशक्तीकरण गर्ने । | नियम, निर्देशिका, र कार्यविधिहरु लैससासका लक्षितबर्ग मैत्री वनाउदै लैजाने ।, | संरचनाहरु निर्माण गरी लागु गर्ने तथा स्थानीय ऐन कानून र संस्थागत संरचनाहरुमा लैससासका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | महासन्धी, १९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरी कार्यान्वयनमा ल्याउने ।<br>४. लैससासका आवश्यक कानून तथा कार्यविधि तयार गर्ने ।<br>५. लैससास समन्वय समिति गठन गर्ने ।<br>६. योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने गरि गर्ने ।<br>७. विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>८. ७.सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिताका लागि कानूनी व्यवस्था गर्ने<br>९. कानून कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका विषयहरुलाई समावेश गर्ने । | २.नयाँ वन्ने सबै कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरिएको हुनेछ ।<br>३.विगतमा वनेका कार्यविधिहरु आवश्यता अनुसार संसोधन भएका हुनेछन ।<br>४.कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन ।<br>५.समानुपातिक नेतृत्व का लागि कानूनी व्यवस्था भएको हुनेछ ।<br>६.लैससास समन्वय समिति गठन भएको हुनेछ । | ४.कार्यपालिका बैठक तथा सभाका निर्णयहरु । |
| ३. | मानव संसाधन तथा क्षमता विकासमा लैससासका लक्षित वर्गको सहभागिता सुनिश्चित गरी संस्थागत कार्यप्रणालीमा समाबेशीता र आर्थिक सशक्तिकरण गरि स्वरोजगार र आत्मनिर्भर वनाउने । | लक्षित वर्ग विकासका लागि छुट्टै शाखा र कोषको स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाल, लैङ्गिक हिंसा निवारण, सीप तथा क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष सम विकासलाई वढवा दिने । | क.महिला, गरीब र बहिष्करणमा परेका समुदायको सवालहरूको पहिचान गरि नीति, प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवालको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।<br>ख.विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता | १.संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिला लाई प्राथमिकता दिने ।<br>२.महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने ।<br>३.कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार, जातीय भेदभाव तथा महिला हिंसाका घट्ना नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने ।<br>४.आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्तिकरणकालागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने ।<br>५.महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।<br>६.स्थानीय संचारका माध्यम मार्फत लैससास सम्बन्धी सूचना एवम सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन र प्रशारण गर्ने ।<br>७.लैससास बजेट खर्च कार्यविधि तयार गर्ने ।<br>८.गाउँपालिकाले आयोजना गर्ने प्रत्येक तालीममा लैङ्गिक समानता सामाजिक समाबेशी करण विषयलाई अकाट्य सवाल को रुपमा राख्ने नीति वनाउने ।<br>९.लैङ्गिक हिंसा निवारण कार्य विधि वनाउने । | १.शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ ।<br>२. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ ।<br>३. यौन दुर्व्यवहार जातीय भेदभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>४. लैससास सम्बन्धी सचेतना मुलक प्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ ।<br>५. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ ।<br>६. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ । | १.कार्यपालिकाका निर्णय पुस्तिका<br>२.महिला पुरुष समविकास कार्यनीति<br>३. FM रेडियो टेलिभिजन कार्यक्रमका अडियो भिडियो समाग्रिहरु ।<br>४.वार्षिक नीति कार्यक्रम तथा बजेट ।<br>५.लैङ्गिक हिंसा निवारण कार्यविधि ।<br>६.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारमा विरुद्ध निर्णय भएका माइन्यूटहरु<br>७.प्रत्यक्ष अवलोकन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | समिति गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने । | १०.कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाको अनुशिक्षण र प्रचार प्रसार गर्ने । | | |
| ४. | अनौपचारिक मूल्यमान्यता कु संस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोणमा परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशीतामा आधारित समाज स्थापना गर्ने | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने । | १.लैङ्गिकहिंसा विरुद्ध शुन्य सहनशिलता लिइ यसमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२.हिंसा प्रभावित बेचविखनमा परेका महिला तथा यौनिक र लैङ्गिक अल्पसंख्यकहरुका लागि सेवा केन्द्र स्थापना गर्ने ।<br>३.सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने ।<br>४.लैङ्गिकहिंसा निवारण आचारसंहिता निर्माण र पालना गर्ने ।<br>५.अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६.सबै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने ।<br>७.सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | १.सामाजिक कुरीति हरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ ।<br>२.हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>३.अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४.वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | १.वार्षिक बजेट तथा नीति कार्यक्रम ।<br>२.श्रव्य दृष्य सामाग्रीहरु ।<br>३.सामाजिक संजाल मा गरिएका पोष्टहरु ।<br>४.अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख ।<br>५.प्रत्यक्ष अवलोकन ( सेवा केन्द्र) । |
| ५. | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । | प्रत्येक चरणमा गरिने अनुगमन तथा मूल्याङ्कन लैससासको दृष्टिकोणवाट गर्ने । पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको एकिन गर्ने सुचक समेत थप गरी अनुगमन र मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १.महिला साक्षारता कार्यक्रम संचालन गर्ने ।<br>२.स्वरोजगार वन्न चाहने र वैदेशिक रोजगारीमा जान इच्छुकको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने ।<br>३.यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरी निर्माण गर्ने ।<br>४.आवश्यक वजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने ।<br>५.अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहिच ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने ।<br>६.जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने ।<br>७.हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपम समाजिक परिक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने ।<br>८.हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | १.संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन ।<br>२.यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३.वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ । | १.वार्षिक प्रगती प्रतिवेदन<br>२.तालीम सम्पन्न प्रतिवेदन<br>३.कार्यपालिका निर्णयहरु<br>४.सभाका निर्णयहरु<br>५.अनुमगन मुल्याङ्न फारम हरु |

दिपा बोहोरा दाहाल
अध्यक्ष

## १०. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरण को कार्य गर्ने नत्र नगर्ने भन्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको वजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री बनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ। तसर्थ लैससास मुल प्रवाहीकरणका कार्यक्रमहरुको लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछ ।

क. लैससास लक्षित कार्यक्रमका लागि गाउँपालिकाले वार्षिक रुपमा निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलब्ध गराइ वित्तीय सहयोग पुर्याउन वैंक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने ।

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुको अध्ययन गरी आवश्यक परियोजना प्रस्ताव तयार गरेर अधिकतम श्रोत प्राप्त गर्न आवश्यक जनशक्ति परिचालन गर्ने ।

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप वजेट व्यवस्थापन गर्ने ।

## ११. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन र गाउँसभाबाट पारित गराउनु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि गाउँपालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ । तर गाउँसभाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन् ।

## १२.रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी गाउँपालिकाका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (**लैससास परिक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरेको**) भने सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा वजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजकको हुनेछ । भने आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ । खाडादेवी गाउँपालिकामा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ । रणनैतिक कृयाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसासको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाईनेछ ।



दिपा बोहोरा दाहाल
अध्यक्ष

Deepa

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणसंग रहन्छ । लैससास परीक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० वटा सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. गाउँपालिका भित्र कार्यरत सबै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गरिनेछ ।

ग. गाउँपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गरिनेछ । जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गर्नेछ । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइनेछ ।

## १४.संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १४.१ संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसारका जोखिमहरुको आँकलन गरिएको छ ।

क. पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता रणनीतिले महिला तथा बालबालिकालाई मात्र प्राथमिकतामा राख्दछ भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्दछ ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्दछ ।

ग. लैससास वहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्दछ ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्दछ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयनमा अन्यौल, विविधता तथा दोहोरोपना हुनसक्दछ ।

### १४.२ जोखीम न्यूनीकरणका उपायहरु

क. लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुको बुझाईमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने ।

ख. वहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने ।

ग. गउँपालिकाका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी कार्यहरुको समीक्षा गर्ने ।

घ. विषय विज्ञहरुसंग नियमित रुपमा छलफल र परामर्श गर्ने ।

Deepa

दिपा बोहोरा दाहाल
अध्यक्ष